उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

# उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -११२

आज मिति २०८१/१२/१९ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | [signature] |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | [signature] |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | [signature] |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | [signature] |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | [signature] |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | [signature] |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | [signature] |
| ८ | श्री बुटी तामाङ | सदस्य | [signature] |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | [signature] |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | [signature] |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | [signature] |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः ११२ मितिः २०८१/१२/१९

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा बागमती प्रदेश नेपाल २०७३

<u>प्रस्तावहरुः</u>

१) विगतको कार्यपालिका बैठकको समिक्षा गर्ने सम्बन्धमा।

२) योजना कार्यान्वयनको समिक्षा गर्ने सम्बन्धमा।

३) सहकारी दर्ता सम्बन्धमा।

४) सि.वि.आर. कार्यक्रम सम्बन्धमा।

५) खानेपानी मुहान उपभोग अनुमगती सम्बन्धमा।

६) नवप्रवर्तन साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

७) भाङ्गे झरना सम्म जाने पदमार्ग स्तोरन्नती कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

८) कृषि यान्त्रिकिकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

<u>निर्णयहरुः</u>

१. यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले विगतमा गरेका निर्णयहरुको समिक्षा गरियो।

२. यस उत्तरगया गाउँपालिकाको चालु आ.व.मा सन्चालन भएका आयोजनाहरुको कार्यान्वयनको समिक्षा गरियो।

३. यस उत्तरगया गाउँपालिकाको वडा नं. ४ र ५ मा कार्यक्षेत्र रहने गरी **श्री उत्तरगया उपहार सामाजिक उद्यमी महिला कृषि सहकारी संस्था लिमिटेडलाई** उत्तरगया गाउँपालिकाको सहकारी ऐन,२०७६ को दफा ५ र दफा ६ बमोजिम दर्ता प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. यस उत्तरगया गाउँपालकामा सि.वि.आर.कार्यक्रम कार्यान्वयन गर्न प्रस्तावनाको लागि १५ दिने सूचना प्रकाशित भएकोमा उक्त कार्यक्रमको लागि उत्तरगया अपाङ्ग संघबाट प्रस्तावना पेश भएकोले उक्त संस्थासँग सम्झौता गरी कायदिश दिई कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

५. उत्तरगया गाउँपालिका वडा नं.३ स्थित अधेरी खोला मुहान प्रयोग गरी किस्पाङ्ग गाउँपालिका नुवाकोट स्थित चाम्पानी, कोके, घलेगाउँमा खानेपानी उपभोग गर्न यस गाउँपालिकामा

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

निवेदन परेको सम्बन्धमा गाउँपालिकाको सम्बन्धित क्षेत्रभित्रका उपभोक्ताको नाममा गठित उपभोक्ता समितिको नाममा मुहान दर्ता गर्ने र उक्त समितिले निर्णय गरे अनुसार गाउँपालिका बाहिरका उपभोक्तालाई मुहान अस्थायी रुपमा उपयोग गर्न अनुमती दिने गरी आवश्यक कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

६. बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौडाको अवधारणा पत्र पेश गर्ने सम्बन्धी सूचनाको सम्बन्धमा स्थानीय सुशासन, सार्वजनिक सेवा प्रवाह र स्थानीय आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तनका उदेश्यका साथ भाङ्गे झरना पर्यटकीय क्षेत्र प्रवर्धन कार्यक्रम अन्तर्गत Rock Climbing, क्यानोयीन, करिव ३ वटा पोखरी निर्माण र शौचालय व्यवस्थापन सहितको विषयबस्तु सहितको क्षेत्रहरु समावेश गरी रु.१ करोड सम्मको आयोजनामा गाउँपालिकाको २० प्रतिशत सह लगानी हुने गरी प्रस्ताव गर्ने निर्णय गरियो।

७. नेपाल पर्यटन बोर्डको पर्यटन पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा बजेट रकम रु. १० लाखको २० प्रतिशत बराबरको रकम साझेदारी शीर्षक अन्तर्गत विनियोजित रकम मार्फत सुनिश्चित गरी उक्त कार्यक्रम कार्यान्वयनको लागि प्रतिवद्धता सहित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक कार्य गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

८. बागमती प्रदेश सरकारको कृषि यान्त्रिकिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९ अनुसार ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्रक्रिया अगाडी बढाउनु पर्नेमा परियोजनाको लागि वडाहरुमा भएको समूहको निर्णयहरु, सम्बन्धित वडा कार्यालयको सिफारिस समेत प्राप्त भईसकेकोले पि एम सि सि बाट गठित खरिद अनुगमन समितिको बैठकबाट लाभग्राही छनौट गराई प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत